नेपाल सरकार

**पूर्वाधार विकास मन्त्रालय**

शहरी विकास तथा भवन निर्माण विभाग

# विश्व बसोबास दिवस-२०८३

**"Adequate Housing for All"**

"सुलभ आवास : सुरक्षित बसोबास"

**प्रेस नोट**

१. सबैको लागि उपयुक्त आवास सुनिश्चित गर्दै दिगो शहरी विकासमा योगदान पुऱ्याउने मुख्य उद्देश्य सहित विश्वको ध्यानाकर्षण गर्ने हेतुले संयुक्त राष्ट्रसंघीय मानव बसोबास कार्यक्रम (युएन् ह्याबिट्याट) को पहलमा सन् १९८६ देखि हरेक वर्ष अक्टोबर महिनाको पहिलो सोमबार विश्व बसोबास दिवस मनाउँदै आइएको सर्वविदितै छ । यसै अनुरुप नेपालमा पनि सन् २००१ यतादेखि विभिन्न सरकारी निकाय, संयुक्त राष्ट्रसंघीय मानव बसोबास कार्यक्रमको नेपालस्थित कार्यालय र विभिन्न गैरसरकारी सङ्घ संस्थाहरुसँगको सहकार्यमा नेपाल सरकारले विश्व बसोबास दिवस मनाउँदै आइरहेको छ । यस वर्ष अक्टोबर महिनाको पहिलो सोमबार (५ अक्टोबर सन् २०२६) अर्थात २०८३ साल असोज १९ गते विश्व बसोबास दिवस २०८३ मनाउने निर्णय भएको छ ।

२. यो वर्ष विश्व बसोबास दिवस –२०८३ को नारा "Adequate Housing for All" रहेको छ । मूल तयारी समितिको बैठकले उक्त नाराको भावानुवाद गर्दै नेपालका लागि "सुलभ आवास : सुरक्षित बसोबास" नारा तय गरेको छ ।

३. पछिल्लो समय समग्र विश्वले नै प्राकृतिक प्रकोप, जलवायुजन्य संकट, राजनीतिक द्वन्द्व लगायतका विभिन्न अप्ठ्यारा परिस्थितिहरु झेलिरहेको छ । यी प्रकोपहरुको चपेटामा परी आवास तथा बसोबास प्रणालीमा भौतिक, आर्थिक, सामाजिक र सांस्कृतिक संकटहरु बढ्दै छन् । यसले मानव सभ्यतामा नै गम्भीर चुनौती खडा गरेको छ । विश्वका करिब ३ अर्ब व्यक्ति पर्याप्त आवासको सुविधाबाट बञ्चित रहेको तथा करिब १.१ अर्ब व्यक्ति अनौपचारिक बस्तीहरुमा रहेका छन् भने घरबारबिहिन व्यक्तिको संख्या लाखौमा रहेको छ । नेपालमा आवासलाई मौलिक हकको रुपमा संविधानले नै सुनिश्चित गरेको अवस्थामा आवासको पहुँच सुनिश्चित गर्न नेपाल सरकार निरन्तर क्रियाशिल रहेको छ तर एकपछि अर्को आउने विपद्ले हामीलाई निरन्तर चुनौती पनि दिइरहेको छ । यसरी प्राकृतिक र मानवीय विपत्तीबाट निम्तिने गम्भीर परिणामका असरलाई कम गरी संकट सामनामा मानव बस्तीहरुको क्षमता बढाउनु अपरिहार्य भएको छ । सामूहिक सहकार्य र सामूहिक सत्प्रयासबाट नै यी संकटलाई चिर्दै न्यायोचित समाज निर्माण गर्न सकिने भएकोले सबैको हातेमालो अपरिहार्य छ ।

४. नेपालका बजारबस्तीहरुले निरन्तर रुपमा बाढी, पहिरो, डुबान, भूकम्प, आगजनी, वृद्धि लगायतका विभिन्न संकटहरु झेलिरहेका छन् । पछिल्लो समय २०८३ साल भदौ १० गते भोटेकोशी नदीमा आएको बाढीले अकल्पनीय रुपमा जनधनको क्षति भएको छ । रसुवा, नुवाकोट, धादिङ, गोरखा, तनहुँ जिल्लाका १५ पालिकाका हजारौं नागरिक प्रत्यक्ष प्रभावित भएका छन् । टिमुरे, स्याफ्रुवेशी, खाल्टे, बेत्रावती, त्रिशुली लगायतका बजारबस्तीहरु भग्नावशेषमा परिणत भएका छन् । हजारौं व्यक्ति बेपत्ता भएका छन् । आवास, पर्यटन, कृषि, जलविद्युत लगायतका क्षेत्रमा ठूलो क्षति भएको छ । उक्त बाढीले नदी तटीय क्षेत्रमा घरमात्र होइन, जमिन नै बढारेको अवस्था छ । यस्तो अवस्थामा बहुप्रकोप जोखिम क्षेत्रहरुको पहिचान, उच्च जोखिमयुक्त क्षेत्रहरुको सिमाना यकिन गरी त्यस्ता क्षेत्रमा भवन, सडक तथा अन्य पूर्वाधार निर्माण कार्य निरुत्साहन गर्न भवन विभागले पहल गरिरहेको छ भने विस्थापितहरुलाई घरभाडा सुविधा, अस्थायी आवास व्यवस्थापनको काम पनि अघि बढेको छ । तीनै तहका सरकार, विकास साझेदार संस्था र विभिन्न संघसंस्थासंगको समन्वय र सहकार्यमा खोज, उद्दार, राहत, पुर्नस्थार्पना हुँदै सुरक्षित, आर्थिक रुपले गतिशील र उत्थानशील पुनर्निर्माण र



ई. लिला खतिवडा
उप-महानिर्देशक
आवास महाशाखा

नेपाल सरकार

**पूर्वाधार विकास मन्त्रालय**

शहरी विकास तथा भवन निर्माण विभाग

# विश्व बसोबास दिवस २०८३

**"Adequate Housing for All"**

"सुलभ आवास : सुरक्षित बसोबास"

व्यवस्थित बस्ती पुनर्विकासको काममा विभागले सबैसँग हातेमालो गरिरहेको छ र आगामी दिनमा पनि यस्तै सहकार्यको अपेक्षा राख्दछ ।

५. सुलभ आवास र सुरक्षित तथा व्यवस्थित बसोबास पद्दतिका विभिन्न आयाम, विपद् पछिको पुनर्निर्माण र पुनर्उत्थानका विभिन्न आयाम र अन्तर्राष्ट्रिय अभ्यास तथा तीनै तहका सरकार र विभिन्न संघसंस्थाहरुको प्रभावकारी समन्वयबारे यो बर्षको विश्व बसोबास दिवसमा छलफल तथा अन्तरक्रियाहरु आयोजना गरिनेछ । व्यवस्थित र सुरक्षित बस्ती विकासको यो बहसलाई अक्टोबर महिनाभर निरन्तरता दिने गरी विभागले युएन ह्याबिट्याट लगायतका सरोकारवालाहरुसंग समन्वय गरी छलफल तथा अन्तरक्रियाहरु आयोजना गर्नेछ । यो वर्षको नारामा आधारित रही शहरी विकास तथा भवन निर्माण विभाग मातहतका कार्यालयहरुले पनि स्थानीय स्तरमा छलफल, अन्तरक्रिया गरी विश्व बसोबास दिवस मनाउनुहुन अनुरोध गरिन्छ ।

धन्यवाद ।

ई. लिला खतिवडा
उप-महानिर्देशक
आवास महाशाखा

**ई. लिला खतिवडा**

उपमहानिर्देशक, आवास महाशाखा, शहरी विकास तथा भवन निर्माण विभाग

सदस्य सचिव, (विश्व बसोबास दिवस २०८३, आयोजक समिति)